प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-५७०८८३

## गण्डकी प्रदेश स्थापना दिवसको शुभकामना

गण्डकी प्रदेश स्थापना दिवसको अवसरमा सम्पूर्ण प्रदेशवासी आमाबुवा, दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सर्वप्रथमतः प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र स्थापनाका खातिर प्राण उत्सर्ग गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु।

यस शुभ अवसरमा नेपालको संविधान, संवैधानिक कार्यसूची, प्रचलित कानुन, संघीयताको मर्म बमोजिम नागरिकसामू जिम्मेवार भई नागरिकका अपेक्षा - चाहनालाई गण्डकी प्रदेशसभा र गण्डकी प्रदेश सरकारले आ-आफ्ना कार्यक्षेत्रप्रति पूर्ण प्रतिबद्ध रही पूरा गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नै कार्यक्षेत्र र अधिकार तोकेको छ। जनताको अधिकारलाई जनताकै घरदैलोमा पुऱ्याउनु र उनीहरुको जीवनस्तर बदल्न बहुआयामिक भूमिका खेल्नु प्रदेशको जिम्मेवारी हो। प्रदेशमा देखिने, अनुभव गर्न सकिने र नागरिकको दैनिक जीवनसँग जोडिने काममा गण्डकी प्रदेश सफल बनेको छ। आगामी दिनमा पनि गण्डकी प्रदेश सभा र गण्डकी प्रदेश सरकारबीच सामाजिक, सांस्कृतिक, आर्थिक, न्यायोचित तथा समतामूलक विकास एवं सम्बद्ध कानून निर्माण र कार्यान्वयन विषयमा सहअस्तित्व र समन्वयका आधारमा थप सहकार्य हुन सकोस्।

प्रदेश स्थापनाको औचित्य प्रमाणित गर्न संवैधानिक अधिकार बमोजिम प्राप्त जिम्मेवारी कार्यान्वयनमा संघीय सरकार तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्दै प्रदेश सभा र प्रदेश सरकार आ-आफ्नो संस्थाको संस्थागत विकासका लागि कानुनी आचारसंहिताको पूर्ण पालना, हालसम्मका अनुभवहरु मध्ये असल अभ्यासको अनुशरण, वित्तीय अनुशासन एवं मितव्ययी हुन र नागरिकहरुलाई छिटो सेवा प्रवाह गर्नुपर्ने आवश्यकता रहेको छ। संघीयतालाई बलियो बनाउन प्रदेश बलियो बनाउन आवश्यक छ। गण्डकी प्रदेश सरकारले लिएको 'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशबासी' को संकल्प पूरा गर्न सबै एक भएर उद्देश्यप्राप्तिमा लाग्न जरुरी छ।

अन्त्यमा, यस अवसरमा सम्पूर्ण प्रदेशबासीहरुमा खुशियाली, उत्साह, उमङ्ग, तथा रचनात्मक र सकारात्मक सोंचको विकास गरी समृद्ध प्रदेश निर्माणमा सबै अग्रसर हुने प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

२०८२ माघ २२, बिहीबार
ने.सं. ११४६ सिल्लाथ्व चतुर्थी-१९

प्रदेश प्रमुख